# ललितत्रिपुरसुन्दरीको निधन र भीमसेन थापाको अवसान

गंगा कर्माचार्य (हाडा)

स्वामीमहाराज रणबहादुर शाहको सन् १८०६ मा शेरबहादुर शाहीबाट हत्या भएपछि एकै साथ सत्तामा आएका नायव महारानी ललितत्रिपुरसुन्दरी र मुख्तियार भीमसेन थापाको कार्यकाललाई आधुनिक नेपालको इतिहासमा अत्यन्त महत्वपूर्ण दशकका रूपमा लिइन्छ। उक्त समयको प्रशासनिक, सैनिक, सामाजिक, आर्थिक, धार्मिक अवस्था र अन्तर्राष्ट्रिय सम्बन्ध आदिमा देखा परेका विशेषताहरूमा दुवैको महत्वपूर्ण भूमिका रहेको छ। महारानीको नायवी कालमा प्रशस्त शक्ति आर्जन गर्नमा सफल भीमसेन थापाले उक्त शक्तिलाई मुलुकको प्रतिष्ठामा लगाउन पनि सफल भए। उनै महारानीको सन् १८३२ मा भएको अप्रत्यासित निधनले भीमसेन थापाको शक्तिमा मात्र नभई नेपालको राजनीतिमा नै गम्भीर असर पुऱ्यायो। महारानीको मृत्युपछि सन् १८३७–१९३९ मा भएको भीमसेन थापाको पतन र दुःखद अवसानको घटना अन्तर्राष्ट्रिय जगतमा पनि चर्चाको विषय बन्यो। यस घटना बारे अझ स्पष्ट र पूर्ण जानकारी दिन थप ऐतिहासिक सामग्रीहरू (सन् १८३२–३९ सम्म नेपाल स्थित ब्रिटिश राजदूतहरूले आफ्ना सरकारलाई पठाएका सूचनाहरू) समावेश गरी यो लेख तयार पारिएको हो। आवश्यकता अनुसार त्यसका केही अंशहरू मूलबाट उतारेर समावेश गरी यस लेखलाई अझ सशक्त बनाउन खोजिएको छ।

## ललितत्रिपुरसुन्दरी र भीमसेन थापा

सन् १८०४ को एक ऐतिहासिक प्रमाण अनुसार वनारसबाट नेपाल फर्केपछि रणवहादुर शाहले ललितत्रिपुरसुन्दरीसँग विवाह गरेका थिए। नायवीको समस्या सुल्झाउन भीमसेन थापाले यी जमादारकी छोरीसँग रणबहादुर शाहको विवाह गराएर आफ्नो राजनैतिक स्थिति मजबूत बनाएको देखिन्छ। सन् १८२५ को धरहरा अभिलेखमा उनी रणबहादुर शाहकी पटराज्ञी (राजा सँगसँगै राज्याभिषेक नगरिएकी) को रूपमा चित्रित छिन्।[1] उमेरको हिसाबले पनि आफ्नो संरक्षक जस्ता मुख्तियार भीमसेन थापाका विरुद्ध शासनमा हस्तक्षेप गर्नु पर्ने उनको कुनै स्वार्थ थिएन। शासन कार्यमा मुख्तियारलाई स्वतन्त्र छोडी दिएकाले महारानीका धार्मिक कार्यहरूमा पनि मुख्तियारले निक्कै सहयोग गरेका थिए। स्वदेश तथा विदेश (बनारस) मा महारानीको आदेश अनुरूप निर्मित धार्मिक निर्माण कार्यहरू मध्ये काठमाडौंको त्रिपुरेश्वरस्थित त्रिपुरेश्वरमहादेव मन्दिर नै सबैभन्दा महत्वपूर्ण देखिन्छ।[2]

*Contributions to Nepalese Studies*, Vol. 27, No. 2 (July 2000), 269–282
Copyright © 2000 CNAS/TU

रणबहादुर शाहका पाऊको रखवारी गर्ने सेवाबाट उठेका भीमसेन थापा सुवेदार, सरदार हुँदै सन् १८०४ मा काजी बनेका थिए । उनी काजी अमरसिंह थापाका जेठा छोरा थिए । अर्का बुढाकाजी अमर सिंह थापा पनि भीमसेन थापालाई पुत्रसरह व्यवहार गर्ने गर्दथे । उनीसँग नेपाल थाम्न सक्ने शक्ति भएको उनले देखेका थिए । उनै बुढा काजीबाट भीमसेन थापाले प्रशासन र युद्धकला सम्बन्धी शिक्षा पनि प्राप्त गरेको हुनुपर्छ ।[३] महारानी ललितत्रिपुरसुन्दरीको साथ र समर्थन पाएर नै होला स्वदेशी तथा विदेशी शक्तिलाई समेत नियन्त्रणमा राख्न सक्ने भीमसेन थापा आफ्नो समयमा नेपालका भाग्यविधाता बनेका थिए ।

### ललितत्रिपुरसुन्दरीको निधन

राजा गीर्वाणयुद्धविक्रम शाह र राजा राजेन्द्रविक्रम शाहको स्याहार सम्भारमा समय बिताउने, ललितत्रिपुरसुन्दरीलाई पनि ती राजाहरूबाट अत्यन्त मान सम्मान प्राप्त भएको देखिन्छ । प्रशासनिक कार्यमा भन्दा धार्मिक कार्यमा बढी समय दिने यी महारानीको ६ अप्रिल, १८३२ (वि.सं. १८८८, चैत १६) मा भएको असामयिक निधनले राष्ट्रलाई नै शोकाकुल बनायो । यिनको आशोच बार्न जिल्ला जिल्लामा पठाइएको सरकारी पत्रमा "श्रीदैवको ईच्छा कसैले टारिसक्नु रहेनछ – चैतका दिन १६ जाँदा सोमवारका दिन व्यहान श्री आर्यातीर्थमा जलयोग पाइ सचेत सँग उसवषतमा हुन्या दान पुन्य सवै भैकन मुक्त हुनु भयो" भन्ने कुरा परेको छ ।[४] महारानीको मृत्यु पछि उनको शान्तिस्वस्ति कार्यमा राजा राजेन्द्र विक्रम शाह मार्फत भीमसेन थापाले धेरै खेत दान दिलाएका थिए भन्ने कुराको प्रमाण गुठी संस्थान भद्रकालीमा सुरक्षित लालपूर्जाहरूबाट प्राप्त हुन्छ ।

ललितत्रिपुरसुन्दरीको मृत्युको घटनालाई ठूलो घटनाको संज्ञा दिएर तत्कालीन आवासीय ब्रिटिश राजदूत Maddock ले आफ्नो सरकारलाई ६ अप्रिल १८३२ मा लेखेको पत्रमा यसरी व्यक्त गरे– "... The death of this Princess is likely, it is supposed, to have a detrimental effect on the influence of the Minister, who has been indebted for the length and stability of his administration to her countenance and support, and it has occurred at a time when the Rajah is of an age to think and act for himself... that a door is now opened for the successful prosecution of intrigues against that preponderance which he has so long and so ably exercised in the council of this state..." (यसबाट भीमसेन थापाको राजनैतिक स्थितिमा प्रभाव पर्नजानुका अतिरिक्त नेपालको स्थिर प्रशासन र अन्तर्राष्ट्रिय सम्बन्धमा समेत आँच पुग्न जानेछ । यो घटना राजाको उमेर पुगिसकेपछि भयो ... यसबाट षडयन्त्र गर्नेहरूका लागि ढोका खुल्ला भयो ।)[५] "महारानीको मृत्युबाट भीमसेन थापाको शक्तिमा कटौती भएर नेपालको इतिहासमा यसबाट ठूलो असर पर्नेछ" भन्ने विचार ओल्डफिल्डले व्यक्त गरे । उक्त घटना पछि नै भीमसेन थापालाई पाँडे समूहको र ब्राह्मणहरूको पनि विरोधको सामना गर्नु परेको थियो ।[६] अर्को टिप्पणी अनुसार यस घटनाबाट राजेन्द्रविक्रम शाहका महारानीहरूको प्रशासनमा प्रभुत्व बढेर आफ्ना छोराहरूका

तर्फबाट नायवी बनेर शासन गर्ने उनीहरूको रहरले गर्दा राजालाई समेत राजत्याग गराउने दबाव हुनेछ।[७]

**भीमसेन थापा र विरोधी तत्व**

नभन्दै भीमसेन थापाको शक्तिको श्रोत बनेका ललितत्रिपुरसुन्दरीको मृत्यु पछि भीमसेन थापाका विरोधीहरूले शिर उठाउने मौका पाए। जस्को सामना गर्न उनलाई धेरै समय र शक्ति लगाउनु परेको थियो।

**(क) रणवीरसिंह थापा:** ललितत्रिपुरसुन्दरीको मृत्यु पछि भीमसेन थापाका मुख्य प्रतिद्वन्दीको रूपमा सवैभन्दा पहिले उनकै कान्छा भाइ रणवीर सिंह थापा देखा परे। यस सम्बन्धमा Maddock को लेखाई यस्तो रहेको छ– "... Her death has relieved Runbeer Singh of the restraint which her authority imposed upon him, and as he is constantly about the person of the Rajah he naturally looks forward to an increase of his own influence at the expend of his brother's..." भीमसेन थापाले राजदरबारमा रेखदेख गराउने कार्यका लागि रणवीर सिंह थापालाई खटाएका थिए। राजाका विशेष प्रिय पात्र बनेर आफ्नै दाजुको विरुद्धमा काम कुरो गर्न पनि उनी पछि हटेनन्। भीमसेन थापालाई पदमुक्त गराएर सो पद आफुले पाउने आशाले गर्दा उनी थापा विरोधी कृयाकलापमा लागीरहे। उनको सो गतिविधि बारे सुराक पाई भीमसेन थापाले उनलाई सो स्थानबाट हटाएर राजदरबारभित्रको एक बङ्गलाबाट सो काम आफैले गर्न थाले। राजा रानीको साँठ-गाँठमा परेर रणवीर सिंह थापाले आफ्नो विरुद्ध श्रृजना गरेको दुई वर्ष सम्मको पारिवारिक षडयन्त्रलाई रोक्न उनले भतिजा माथवर सिंह थापालाई प्रयोग गरेका थिए।[८]

**(ख) रणजङ्ग पाँडे र War Party:** आफ्नै घर परिवारको अतिरिक्त भीमसेन थापालाई अर्को कट्टर शत्रु रणजङ्ग पाँडेको पनि सामना गर्नु परेको थियो। दामोदर पाँडेका साहिला छोरा रणजङ्ग पाँडे यही समयमा अकस्मात देखा परी आफ्नो पुर्ख्यौली मान सम्पत्ति फिर्ता पाउन वि.सं. १८९१ मा राजा समक्ष जाहेर गर्न पुगे। उनलाई राजा राजेन्द्रविक्रम शाहकी जेठी महारानी साम्राज्यलक्ष्मी देवीको समर्थन प्राप्त थियो। ललितत्रिपुरसुन्दरीको मृत्यु पछि राजाको नामको छाप यिनै महारानीले प्राप्त गरेकी हुँदा स्वतन्त्र रूपले उनी प्रशासनमा हस्तक्षेप गर्न चाहन्थिन्। तर भीमसेन थापा पदमा भएसम्म उनको सो इच्छा पूरा नहुने भएकाले थापा विरोधी पाँडेहरूलाई उनी आफ्नो बसमा राख्न चाहन्थिन्। दुबैको लक्ष भीमसेन थापालाई पदमुक्त गराउने रहेकाले महारानीलाई आफुतिर पार्न थापा विरोधी कृयाकलापहरूलाई पाँडेहरूले अगाडि बढाउने गरे।[९] राजा माथि दबाव हाल्ने कार्यको प्रतिस्पर्धामा कान्छी महारानी लक्ष्मीदेवीलाई नीचा देखाउन उनका विरोधी पाँडे समूहलाई अँगाल्नु जेठी महारानीको लागि आवश्यक थियो। "भीमसेन थापाले राजवैद्य मार्फत विष

मिसिएको औषधी गीर्वाण युद्ध विक्रम शाहलाई सेवन गराएकाले उनको मृत्यु भएको थियो र हाल राजाले विरामी अवस्थामा औषधी सेवन गर्दा उनीबाट सतर्क रहनु पर्छ" भन्ने कुरा प्रचार गराएर भीमसेन थापालाइ जनताको नजरबाट गिराई कान्छी महारानीको समूहलाई कमजोर बनाउने इरादा जेठी महारानीको थियो ।[१०] दरबारमा शक्ति हत्याउनका लागि केही संगठनहरूबीच प्रतिस्पर्धा चलिरहेकै बेला काला पाँडेहरू बीच आपसी संगठन मजबूत भै सकेको थियो । वि.सं. १८७२ को मध्यतिर गीर्वाण युद्धविक्रम शाहको लालमोहर पाएर काला पाँडेहरू नेपाल फर्की सकेका थिए । उक्त संगठनले दरबारमा आफ्नो पहुँच गराउने काम पनि गरी सकेकाले कम्पनी सरकारले त्यसलाई War Party को नाम दियो । उक्त Party मा जेठी महारानी र रणवीर सिंह थापालाई समेत शामेल गराउनमा रणजङ्ग पाँडे सफल भएका थिए ।[११]

ललितत्रिपुरसुन्दरीको मृत्यु पछि वि.सं. १८८९ को पजनीको बेला आशोचको बहाना गरी राजाले केही ढिलाई गरे । भीमसेन थापाले कान्छी महारानीलाई आफ्नो पक्षमा पारी पजनीको सवै कामकाज आफ्नै योजना अनुसार गरे पनि आफ्नो थमौतीमा भने राजाले ढिलाई गरे पछि उनी जिल्ल परेका थिए । पुष्कर शाहसँग माइतीको सम्बन्ध भएकाले जेठी महारानी उनलाई मुख्तियार बनाउन चाहन्थिन् । तर अधिकांश सैनिकहरू भीमसेन थापाकै अधीनमा रहेकाले उनलाई हटाउने हिम्मत राजामा नभएकाले भीमसेन थापाको थमौती भएको थियो ।[१२]

**भीमसेन थापाको प्रतिष्ठामा आँच**

अर्को वर्ष वि.सं. १८९० को पजनीताका थापा परिवारका अतिरिक्त अन्य भारादारहरूलाई पनि प्रशासनमा सरीक गराउने सुझाव राजाले भीमसेन थापालाई दिए । परिस्थिति अनुसार राजा र जेठी महारानीलाई प्रशासनमा संलग्न गराउँदा आफ्नो अधिकारमा उनले कटौती भएको महशुस गरे । पाँडेहरू अंग्रेज विरोधी भन्ने सिद्ध भइसकेकाले भीमसेन थापाले अंग्रेजहरूसँग निकट हुने नीतिको अवलम्बन गरी सन् १८३५ तिर ब्रिटिश राजदूतलाई आफ्नो हितैषी बनाउने प्रयास गरे । सोही वर्ष बेलायतका सम्राट विलियम चतुर्थका लागि सौगात र खलितापत्र लिएर माथवर सिंह थापाको नेतृत्वमा एक मिसन बेलायतको निमित्त रमाना भयो । विशेष सजधजका साथ गएको यो मिसन कलकत्ता पुगेपछि त्यहाँका कायम मुकायम गभर्नर जनरल चाल्स-मेट-काल्फले त्यसको भव्य स्वागत गरे । अवसरको फाइदा उठाई नेपालसँग गर्न भनिएको व्यापारिक सन्धिमा मतभिन्नता भएपछि र नेपालस्थित ब्रिटिश राजदूत मार्फत नभई सिधै बेलायतका सम्राटसँग सम्पर्क राख्ने उद्देश्य भएको नेपाली मिसनलाई उक्त राजदूतको इशारा पाएपछि भारतस्थित गभर्नर जनरलले स्वागतमा समेत कन्जुस्याईं गरी, बेलायत जान रोक लगाए । सम्राटका निमित्त लगेका उपहारहरू र खलितापत्र समेत आफैले सम्राटलाई बुझाई दिने जिम्मा गभर्नर जनरलले लिएपछि तिनीहरू त्यहींबाट नेपाल फर्कन बाध्य भए । सन् १८१४-१६ को नेपाल-अंग्रेज युद्धपछि नेपालले गुमाएकामध्ये केही क्षेत्र र सुविधा फिर्ता पाउने प्रयासमा यस मिसन मार्फत गर्ने

भनिएको योजनामा उनी असफल भएपछि कम्पनी सरकारलाई मित्र बनाई राख्ने भीमसेन थापाको अन्तिम प्रयास असफल भयो। "अंग्रेजसँगको मामलामा भीमसेन थापा मात्र सफल बन्न सक्छ" भन्ने नेपाली जनता, राजा र महारानी(जेठी) को विश्वासमा ठेस पुग्न गई उनी तिनीहरूका नजरबाट पनि गिर्न पुगे। यस सम्बन्धमा नेपालस्थित ब्रिटिश राजदूतले १४ नोभेम्वर १८३५ मा आफ्नो सरकारलाई लेखेको पत्रमा भीमसेन थापाको पार्टी कम्जोर भएको संकेत दिदै राजाले आफ्नो अधिकारको अभ्यास गर्न वृद्ध मन्त्री (भीमसेन थापा) लाई हटाउन सके अथवा उनको अन्त गराउन सके मात्र सम्भव हुनेछ... त्यस्तै वाह्य सम्बन्धको कुरा पनि भीमसेन थापामा मात्र निहित भएर राजामा सो अधिकार नभएकोमा राजदूतले आपत्ति जनाएको उल्लेख छ।[१३]

भीमसेन थापा विरोधी तत्वहरूको सामना गर्ने र आफ्नो प्रतिष्ठालाई कायमै राख्ने ६ वर्षे प्रयासमा लागेकै बेला (वि.सं. १८९४) सन् १८३७ मा काजी रणजङ्ग पाँडेले आफ्नो पुर्खाको सर्वश्व फिर्ता पाए। माथवर सिंह थापालाई बात लगाएर गोरखा धपाउनमा पनि उनी सफल भए। भीमसेन थापाले उनलाई गोरखामै हाकिम बनाई दिए पनि उनी काठमाडौंमा नभएका कारण उनको तैनाथी सैनिक शक्ति अन्य भारादारहरूका हातमा पर्न गयो। भीमसेन थापाका गतिविधिहरू दरबारबाट नियन्त्रित गरिए। वि.सं. १८९३ मार्ग ४ मा काजी रणजङ्ग पाँडेले भीमसेन थापा अंग्रेज समर्थक भएको भन्ने कुरा लगाएर चीनको समर्थन प्राप्त गर्न चीनको वादशाह समक्ष एक निजी पत्र पठाएका थिए। यसैको परिणावस्वरुप थापाहरूको एकाधिकारमा रहेको पेकिङ्ग मिसन पनि अन्य भारादारहरूका हातमा पर्न गएर उक्त मिसनका नेतामा पुष्कर शाह नियुक्त भए। सोही वर्ष (जुलाई, १८३७) मा भीमसेन थापाको फौजी तैनाथ उनको अधिकारबाट झिकेर राजाले आफ्नो हातमा लिए। यो भीमसेन थापाको पतनको पूर्व सूचना थियो। भीमसेन थापा आफ्नो निजी समस्या सुल्झाउने क्रममा गोरखा गएको बेला रणवीर सिंह थापाको आग्रहमा रणजङ्ग पाँडेले राजा-रानीबाट विशेष सुविधा र काजीको पद समेत हात गरी सकेकाले भीमसेन थापाले संभाल्दै आएको राजदरबारको रेखदेख गर्ने काम पनि रणजङ्ग पाँडेले गर्ने भएकाले आफ्ना दुःख दर्द राजा समक्ष पुऱ्याउने अवसर पनि भीमसेन थापाले गुमाए।[१४] कुनै राजनैतिक काण्डमा फँसाएर भीमसेन थापालाई पतन गराउने अवसरको खोजीमा रणजङ्ग पाँडे लागेका थिए।

**भीमसेन थापाको गिरफ्तारी**

भीमसेन थापाको यसरी दिन दशा बिग्रेको समयमा श्रावण ११, १८९४ (२४ जुलाई, १८३७) मा राजाका जेठा छोरा राजकुमार देवेन्द्र विक्रम शाहको असामयिक निधन भयो। भीमसेन थापाले राजवैद्य मार्फत विष मिसिएको औषधी राजकुमारलाई सेवन गराएकोले उनको मृत्यु भएको हो भनि हल्ला फैलाउन भीमसेन थापाका विरोधीहरूका लागि उपयुक्त मौका मिल्यो। उक्त हल्लालाई राजाले समेत सत्य ठानेर आफुद्वारा निर्माण गराएको 'हनुमानदल' पल्टन मार्फत भीमसेन थापालाई उनकै बागदरबारमा गिरफ्तार गरी त्यहीँ

कैद गरियो । राजकुमारको मृत्युको घटनापछि आशौच बार्न तत्काल जिल्ला-जिल्लामा पठाइएको पत्रमा "आर्यातिर्थमा जलयोग पायी मुक्त भया" अथवा "दैवको ईच्छाले मऱ्यो" भन्ने साधारण कुरा परेको छ भने त्यसको सातदिन पछि जेठी महारानीका माइतीलाई खवर गर्न लेखेको पत्रमा "विष परेको औषधि दिँदा मऱ्यो" भन्ने व्यहोरा परेको छ । त्यस्तै विदेशी राज्यमा रहेका नेपाली दूतहरूलाई लेखेको पत्रमा पनि भीमसेन थापा माथि राजवैद्य मार्फत राजकुमारलाई विष मिसिएको औषधी खुवाएकाले उनको मृत्यु भएको भन्ने आरोप लागेको छ । २९ जुलाई १८३७ मा ब्रिटिश राजदूत हड्सनले आफ्नो सरकारलाई भीमसेन थापाको गिरफ्तारी पछिको स्थिति बारे लेखेको पत्रमा भीमसेन थापा माथि सोही विष मुद्दा लागेकोले उनी गिरफ्तारीमा परेको र छानविनको क्रममा प्रमाण प्राप्त नभएकोले राजा अन्यौलमा परी बिना प्रमाण भीमसेन थापालाई दण्ड दिन चिन्तामा परेको कुराको उल्लेख छ । त्यस्तै उनको १८ सेप्टेम्वर १८३७ को अर्को पत्रमा यसरी व्यक्त गरेका छन्– "... some of his (Raja) Counsellors were of openly, or secretely, favourable to the Thapas, and had suggested to him their release, upon the ground that no sufficient proof had been adduced of the accessor of these persons to the poisoning. His Highness said that where recently others wished to spill the blood of the Thapas', he had resisted; that he had no wish or intention to touch their lives... even if there are no poisoning in the case, yet that the Thapas' had committed great wrong against his (Raja) person and authority..." (भीमसेन थापा गिरफ्तारीमै रहेका र उनका पक्षधरहरू प्रशस्त प्रमाणहरू प्राप्त नभएकोले उनको रिहाईको माग गरिरहेका छन् भने विरोधी पाँडेहरू उनको रगतका प्यासा बनेका छन् । राजाको भनाइमा थापाहरूको ज्यान लिने उनको कुनै इरादा छैन यदि विष नख्वाएको भए पनि उनका मानिस र अधिकारको विरुद्धमा उनीहरूले ठूलो गल्ति गरेका छन् )।[१५]

### भीमसेन थापाको रिहाई र सम्मान

भीमसेन थापा थुनुवामा पर्दा उनका नातेदारहरू जति (गोरा पाँडेहरू समेत) सवै थुनुवामा परी सर्वश्वहरण भएको थियो । भीमसेन थापालाई फँसाउन रचेको षडयन्त्रको मुख्य रचनाकार रणजङ्ग पाँडे भएकाले राजाबाट उनी मन्त्री पदमा नियुक्त भएर उनका समर्थकहरूले पनि मुख्य मुख्य पदहरू पाए, जसमा कुनै विरोध कसैबाट भएको थिएन । रणजङ्ग पाँडेहरूको लागि भीमसेन थापा र उनका समर्थकहरू थुनुवामा परेको घडी तमासाको घडी बन्यो । रणजङ्ग पाँडेको तीन महिने मन्त्रीकाल पछि सत्तामा आएका रङ्गनाथ पण्डितले भीमसेन थापालाई न्याय दिलाउन राजामा विन्ति चढाएकाले छानविन गर्न गठित न्यायिक सभाले भीमसेन थापालाई दोषी सावित गर्ने प्रमाण नपाएकाले उनलाई जेल मुक्त गरियो । साथै उनका समर्थकहरू पनि जेल मुक्त भए । भीमसेन थापासमेत सबैले सर्वश्व फिर्ता पाए । भीमसेन थापाका विरोधीहरू शक्तिशाली भएकाले उनीहरूलाई कुनै दण्ड दिने

कुरामा न्यायकारहरू चूप नै रहे ।[१६] यही कुरा भीमसेन थापाका लागि पछि दुर्भाग्यपूर्ण सावित हुन पुग्यो ।

रिहाई पछि भीमसेन थापाले सर्वश्व फिर्ता पाएको मात्र नभएर राजाबाट ठूलो सम्मान पनि प्राप्त गरेका थिए । अघिल्लो दिन राजाको अनुमतिले रघुनाथ पण्डितले भीमसेन थापासँग भेट गरे । त्यसपछि राजदरबारमा भीमसेन थापाको राजा र रानीहरूसँग लामो छलफल भएको थियो । त्यसको भोलीपल्ट साँझ (१७ डिसेम्वर मा) राजासँगको लामो अन्तरवार्ता पछि भीमसेन थापालाई सम्मानपूर्ण पोशाकमा घोडा वग्गीमा चढाई दरबारमा प्रस्तुत गरिएको थियो । दरबारबाट उनी आफ्नो घर बागदरबारतर्फ जाँदा ठूलो सैनिक जमात र आफन्तहरू समेत उनको पछि-पछि लागेका थिए । त्यसरी रिहाइको १२ दिन भित्रमा उनले अन्तरवार्ताबाट शाही समर्थन प्राप्त गर्न सके । त्यस्तै सम्मान उनका छोरा (धर्मपुत्र) शम्शेर जङ्ग थापा र भतिजा माथवर सिंह थापाले पनि सो समयमा प्राप्त गरेका थिए । उनीहरू भीमसेन थापा जस्तै सोझै आफ्नो घर नगई २,००० सेवामुक्त सैनिकहरूका साथ शहर परिक्रमा गरी सकेपछि मात्र फर्केका थिए । बाटो भरी उनीहरूले आफन्त र समर्थकहरूबाट सम्मान प्राप्त गरेका थिए । उक्त समयमा थापा परिवारले पाएको जन समर्थनको आधारमा उनीहरूले पुनः सत्ता प्राप्त गर्न सक्ने अनुमान पर्यवेक्षकहरूले गरेका थिए भन्ने ब्यहोरा समेत नेपालस्थित तत्कालीन कायम मुकायम ब्रिटिश राजदूत Campbell ले आफ्नो सरकारलाई १८ डिसेम्वर १८३७ मा लेखेको पत्रमा परेको छ ।[१७]

रिहाई पछि भीमसेन थापा काठमाडौंमा नै नबसी गोरखा बोर्लाङ्को पुरानो घरमा बस्न थाले । रणजङ्गको मुख्तियारी कालमा बिग्रेको नेपाल-अंग्रेज सम्बन्ध सुधार्न भीमसेन थापा नै चाहिन्छ भन्ने रङ्गनाथको धारणा अनुरूप दरबारबाट उनको प्रस्ताव स्वीकृत भएकाले लालमोहर लागेको पत्र साथ भीमसेन थापालाई ल्याउन भनि मानिस दौडाइयो । पुरानो रिस इबीलाई बिर्सेर देशको सेवा गर्ने मौका पुनः पाएकाले भीमसेन थापा काठमाडौं आए । तर पहिलेको आफ्नो बागदरबारमा नबसी उनी महाबौद्ध नजिकैको एउटा घरको छिँडीमा डेरागरी बसे । यो छिँडी अद्यावधि "भीमसेन छिडी" को नामबाट चिनिन्छ । रङ्गनाथले नियम अनुसार उनलाई राजाकहाँ दर्शनभेट गराउन लगी उनले वार्षिक रु.३,०००।- भत्ता पाउने पनि गराए । राजाको अनुमति पाएर उनलाई आफ्नो सल्लाहकार बनाउन पनि रङ्गनाथ सफल भए ।[१८] भीमसेन थापाको यस सफलतासँगै लुकेको दर्दनाक भविष्य बारे भने दुबैजना अनभिज्ञ थिए ।

### रणजङ्ग पाँडेलाई राजाबाट आश्वासन

रङ्गनाथसँग भीमसेन थापाको घनिष्टता बढ्नुका साथै दरबारमा उनको आवत-जावत समेत बढेपछि पाँडेहरू अप्ठेरोमा पर्न गए । रणजङ्ग पाँडेको तैनाथीमा रहेका पल्टनहरू झिकिँदा रणजङ्ग पाँडेले यस्को कारण भीमसेन थापा नै हो भन्ने सम्झे । अब रणजङ्ग काठमाडौंबाट अन्यत्र गई आफ्नो अवकाश प्राप्त जीवन बिताउन चाहन्थे । २०० सैनिकका साथ बनारस

जान पाउनका लागि उनी राजा मार्फत राजदूतबाट राहदानी प्राप्त गर्न चाहन्थे । बनारसको बहाना गरी लाहोर पुगेर त्यहाँको सैनिक सेवामा प्रवेश गर्ने रणजङ्गको भित्री इरादा राजाबाट लुकेको थिएन । रणजङ्गले काठमाडौं छोडेमा अथवा पाँडेहरूको संगठन नभएमा अन्य सङ्गठनहरू बलियो हुने भावी आशंकाको अनुमान गरी उनलाई मुलुकदेखि बाहिर जान रोक लगाए र आश्वासन दिँदै राजाले भने "... I desired that you remain near me as before, and trust to me for rceiving due reward to your merits" (तिमी पहिले जस्तै मसँग रहेको म चाहन्छु र मलाई विश्वास गर कि विगत तीन वर्षदेखि तिमीले लगाएको गुनको बदलामा पुरस्कार पाउने छौ ) हाललाई भने प्रधानमन्त्रीको जिकिरलाई परित्याग गर)। राजाबाट रणजङ्ग पाँडेले यसरी आश्वासन पाएपछि दरबारमा विवादको स्थिति उत्पन्न भयो । थापाहरूका कट्टर विरोधी समूहको नेताको रूपमा रणजङ्ग पाँडे स्पष्ट देखा पर्न थालेपछि पद पाउने भन्ने थापाहरूको विश्वास र लोकप्रियतामा आँच पुग्न गयो भन्ने कुरा राजदूत Campbell ले २७ डिसेम्बर १८३७ मा प्रस्तुत गरेको रिपार्टमा उल्लेख छ ।[१९]

**जेठी महारानीको पशुपति प्रस्थान**

दरबारमा दुई महारानीहरूका बीच शक्तिको निमित्त झगडा चर्किंदै गई सन् १८३८ को सुरुसम्ममा उग्र रूप धारण गर्‍यो । यस्ले निकास प्राप्त गर्न नसके पछि जेठी महारानी दरबार छोडेर पशुपतिमा गई बसिन् । कान्छी महारानी र उनका सल्लाहकार थापाहरूलाई दरबारबाट निकाल्ने र रणजङ्ग पाँडेलाई प्रधानमन्त्री बनाउने उनको माँग पूरा नभएसम्म उनी दरबारमा नफर्कने भनि अडिग भएर बसिन् । महारानीका थापा विरोधी कार्यकलापहरूबाट दरबारको कामकाजमा ठूलो असर परेको इत्यादि कुराको उल्लेख राजदूत Campbell ले आफ्नो सरकारलाई १६ फेब्रुअरी १८३० मा लेखेको पत्रमा परेको छ ।[२०]

रङ्गनाथले राजिनामा दिएको खण्डमा कस्को नेतृत्वको सरकार बनाउने भन्ने कुराको निर्णय गर्न राजा असमर्थ थिए । जेठी महारानी रणजङ्ग पाँडेलाई शक्तिशाली मन्त्री बनाएर छोरालाई गद्दीमा राख्न चाहन्थिन् भने कान्छी महारानी भीमसेन थापालाई पुनः सत्तामा ल्याएर प्रभावशाली सरकारको स्थापना गरी आफ्नो स्वार्थ पुरा गर्न चाहन्थिन् भन्ने कुरा राजदूत हडसनले २२ अगष्ट १८३८ को पत्रमा यसरी व्यक्त गरेका छन्- "... The protection of her son's succession, and her vehemence however apparantly endecent, is affirned to be justified by the intrigues of Bhimsen with the Junior Ranee and by the crown issue of similar intrigues in the time of the Raja's grand father" (त्यसबेला भीमसेन थापाले कान्छी महारानीसँग मिलेर गरेको षडयन्त्रलाई कान्तवतीले आफ्नो छोराका राजगद्दीको निमित्त गरेको षडयन्त्रसँग तुलना गर्न सकिन्छ र त्यस आधारमा जेठी महारानीका कार्यलाई न्यायपूर्ण मान्न सकिन्छ) । यस पारिवारिक कचिङ्गलबाट मुक्त रहन गोदावरीमा दरबार लगाउन शाही पालहरू त्यसतर्फ लागिए ।[२१] रङ्गनाथ पछि गठित पुष्कर शाहको मन्त्रीमण्डलसा रणजङ्ग पाँडे पनि सामेल थिए

। तर यतिले जेठी महारानीको इच्छा पूरा भएन । त्यसैले पुरानै ढिपी राखी उनी पुनः दरबार छोडी पशुपति गइन् ।[२२] यसपल्ट रणजङ्ग पाँडेलाई मुख्तियार बनाएपछि मात्र जेठी महारानीलाई दरबारमा फर्काउन राजा सफल भए । यसबाट जेठी महारानी माथि पाँडेहरूको निक्कै दबाव परेको स्पष्ट हुन्छ ।

**भीमसेन थापाको पुनः गिरफ्तारी र आत्महत्या**

रणजङ्ग पाँडे पुनः सत्तामा आएपछि भीमसेन थापालाई पूर्णतः हटाउने अभियानमा लागेर पुरानै मुद्दा उल्टाई उनलाई उनकै निवासमा पुनः कैद गरे । यसपल्ट केही किर्ते कागजातहरू खडा गरी प्रमाणका रूपमा पेश गरियो । भीमसेन थापाका साथै काठमाडौंमा रहेका सवै थापा बन्धुहरूलाई समेत कैद गरी उनीहरूको सर्वश्व हरण पनि गरियो । कैदमा परेकाहरूको जात पतित गराइयो र "यिनका सात पुस्ता सम्मका परिवारलाई नोकरी दिइने छैन" भन्ने औपचारिक घोषणा पनि गरियो ।[२३]

भीमसेन थापालाई अकस्मात पुनः गिरफ्तार गरी कुनै जाँचबुझ बिना मलेरिया लाग्ने उपत्यका बूमकोटमा पठाइयो । उनी माथि आरोप लगाउन गठन भएको भारादारी सभामा रणजङ्ग पाँडे उपस्थित थिएन । त्यहाँ प्रस्तुत गरिएका तीन प्रमाणहरु मध्ये पहिलोमा, एकदेव वैद्यले भीमसेन थापाको इसारामा गीर्वाणयुद्धविक्रम शाह र उनकी कान्छी महारानीलाई विष मिसिएको औषधी सेवन गराएकोले ती दुवैको शीघ्र मृत्यु भएको थियो । अर्को यातना खप्न नपरोस भनेर र उनलाई बनारसमा अवकास जीवन बिताउन अनुमति दिने आशामा उनले उक्त अपराध कवुल गरेका थिए । दोश्रो पत्र भीमसेन थापाका स्वर्गीय भाई बख्तावरसिंह थापाकी विधवाबाट प्राप्त भएको थियो । गीर्वाणयुद्ध विक्रम शाह विरामी छँदा उनलाई दिएको औषधिबाट भोलीपल्टै उनको निधन भएको र उक्त विषयमा बख्तावरसिंह थापाले भीमसेन थापासँग ठूलो स्वरमा पुछताछ गरेको कुरा उनले सुनेकी थिइन भन्ने कुरा उक्त पत्रमा उल्लेख थियो । तेश्रो पत्र पाल्पाका गभर्नर रणवीर सिंह थापाद्वारा लेखिएको थियो । बालक राजाहरुको शासनकालमा भीमसेन थापाले एकभन्दा बढी व्यक्तिको ज्यान लिएकोले उनीबाट सतर्क रहनु पर्छ भन्ने सुझाव समेत उनले पत्रमा उल्लेख गरेका थिए । सबै प्रमाणहरू पढेर सुनाई सकेपछि भीमसेन थापालाई आफ्नो वचाउ बारेमा बोल्ने अवसर दिइयो । यसको प्रत्युत्तरमा उनले बोले "... The whole accusation was a plot of the senior Ranee and Ran Jung to take his life he was ready to yield that instant; that he wished to ask merely if justice was designed and, if so he demanded confrontation with his alleged accure or, who were all forthcoming, but for the papers, he declared them gross forgeries which he would not say a word in reply to ..." (उनी माथि लगाइएका सवै आरोपहरू मिथ्या भएका हुनाले यो ता जेठी महारानी र रणजङ्ग पाँडेको उनलाई मार्ने षडयन्त्रको परिणाम मात्र हो । यी प्रमाणहरू उनलाई पहिलोपल्ट नजरबन्दमा राख्दा प्रस्तुत गरिएका थिएनन् ।

यदि न्याय भन्ने कुरा कहीँ कतै छ भने ती प्रस्तुत प्रमाणहरूको जाँच गरियोस् । ती नक्कली प्रमाणहरूका बारेमा भने उनी केही बोल्न चाहँदैन) । भीमसेन थापा माथि श्रद्धा विश्वास भएर पनि त्यहाँ उपस्थित भारादारहरू मध्ये कसैले उनको बचाउको बारेमा बोल्ने हिम्मत गरेनन् । असहाय अवस्थामा भीमसेन थापाले गुप्त रूपबाट ब्रिटिश राजदूतको मद्दतको आशा गरेको देखिन्छ । तर भीमसेन थापा माथि लगाइएका आरोप बारे दरबारबाट औपचारिक रूपले कुनै सूचना प्राप्त नभएकोले उनले भीमसेन थापालाई मद्दत गर्दा यसको नराम्रो असर उनलाई पर्छ भन्ने उनको धारणा थियो । भीमसेन थापा माथि लगाइएका आरोपहरू मिथ्या थिए भन्ने कुरा समेत राजदूतले २८ मे १८३९ मा आफ्नो सरकारलाई लेखेको पत्रबाट स्पष्ट हुन्छ । तीन महिनासम्म थुनामा राखेर जाली प्रमाणहरूका आधारमा आफुलाई दोषी सावित गर्न खोज्ने राजा माथि भीमसेन थापाको श्रद्धा घटेको देखिन्छ । विरोधीहरूकै कुरामा लागेका राजालाई उनले तीव्र स्वरमा भनेका थिए "यस्तै बुद्धिलियौ भने मानाले भरेर खोपामा राखिदिएको खाएर बस्नु पर्नेछ" । उनलाई दोषी सावित गर्न अर्को सवुत प्रमाण पेश गर्ने कुरा राजासँग गर्दा राजा अलमलमा पर्न गए । बाँकी कुरा भोलीको कचहरीमा हुनेछ भनी राजाले त्यस दिनको कामको टुङ्गो लगाए । तर भोलीपल्ट हुने सूर्योदयलाई नै रोक्ने प्रयासमा भीमसेन थापाका विपक्षीहरू लागेका थिए ।[२४]

भीमसेन थापा कैदमा पर्दा बहादुर शाहलाई कैदमा यातना दिइए जस्तै दिइएको थियो । उक्त कुरा माथि विचार गर्दै बाबुराम आचार्यले "भीमसेन थापाले साँझ विहान खान त पाउँथे?" भनी प्रश्न गरेका छन् । अँध्यारो, चिसो छिँडीमा अपर्याप्त भोजनका साथ कैदमा राखिएका भीमसेन थापालाई अझ उनको मनस्थिति समेत विगार्न अनेक मर्माहत पार्ने खबरहरू उनी समक्ष पुऱ्याउने बन्दोवस्त विपक्षीहरूले गरेका थिए । उनको उद्धार गर्न सक्ने सवै थापावन्धुहरू कैदमा थिए । माथवर सिंह थापा यस घटनाभन्दा पूर्व नै काठमाडौंबाट मुक्त भई इष्ट इण्डीया कम्पनीको अधिनस्थ इलाका सिमलामा शरण लिएर बसेका थिए । रणवीर सिंह थापा पनि ज्यान जोगाउन जोगीको भेषमा बसेका थिए । भीमसेन थापाकी श्रीमतीलाई पनि कडा नजरबन्दीमा राखिएको थियो । इन्साफ पर्खेर बसेका भीमसेन थापा समक्ष "उनकी श्रीमतीलाई दिउँसै नाङ्गै शहर डुलाउने योजना छ र उक्त दृश्यलाई उनले घाँटीसम्म गु: मूतमा डुवेर हेर्नुपर्नेछ" भन्ने हल्ला ल्याई पुऱ्याइयो । राजाको चन्चल स्वभाव माथि विचार गर्दा यस्तो हुनु असम्भव पनि थिएन । राजाबाट न्याय पाउने आशा नदेखेर होला, उनमा रहेको विरक्तिपनाले सीमा पार गर्न खोज्यो । आफुसँग भएको खुकरीले आफ्नो गला रेटेर उनले प्राण त्याग गर्ने असफल प्रयास गरे । तर ठीकसँग रेट्न नपाएकाले नौ दिनसम्म छट्पटिएर मात्र उनको प्राण गयो ।[२५]

भीमसेन थापाले त्यसरी आत्महत्या गर्नु पर्ने कारण बारे वि.सं. १८९६ श्रावण शुदि ३, रोज २ को पत्रमा विश्लेषण गरिएको छ । त्यस अनुसार "राजकुमार देवेन्द्र, गीर्वाणयुद्ध विक्रम शाह र उनकी रानी समेतलाई विष मिसिएको औषधी भीमसेन थापाको सल्लाहमा आफुले दिएको कुरामा राजवैद्य कायल भएकाले, सो कुरा प्रकाशमा आउन लाग्यो भनी कसैले थाहा नपाउने गरी हतियार मगाई आफैले आफ्नो गला काटी नौ दिन सम्म बाँची

मरेको" भन्ने स्पष्ट छ ।[२६] भीमसेन थापाले आत्महत्या गर्ने प्रयास गरेकाले राजा रानी क्रुद्ध भएर रगताम्य लथपथ भएको उनको अर्धचेतन शरीरलाई त्यसै दिन विष्णुमतीको बगरमा फ्याँकन लगाइयो । नौ दिन सम्म छट्पटाएर उनले त्यहीं प्राण त्याग गरे । आत्महत्या गर्ने प्रयास गरेको अभियोगमा उनको दाह संस्कार गर्न पनि दिइएन र स्याल कुकूरलाई लुछाउन भनि पालो पहरा राखिएको थियो । उनको शरीरलाई लावारिस अवस्थामा त्यहाँ, त्यसरी नै फ्याँकिएको थियो जसरी ३३ वर्ष पहिले रण बहादुर शाहलाई कैद गर्ने अभियोग लागेका र उनको हत्याकाण्डमा परेकाहरूका लास फ्याँकिएका थिए । तीन दशक व्यतित भएर पनि यो रोमाञ्चकारी इतिहास उनीमाथि दोहरियो ।[२७] भीमसेन थापाको लासमाथि समेत यसरी फोहरी राजनीतिको खेल खेलेपछि मात्र उनका विरोधीहरूले प्रतिरोधको अग्निलाई शान्त पार्न सके । तर गन्हाउने यस लासको छिटा उनीहरूका शरीरमाथि पनि नराम्रोसँग पर्न सक्छ भन्ने विचार विरोधीहरूले गरेका थिएनन् होला ।

भीमसेन थापाको मृत्युबारे तत्काल राजाले आफ्ना मुन्सी मार्फत् राजदूतकहाँ खबर गर्न पठाए । जुलाई २९, मध्यान्ह ४ बजे उनले भीमसेन थापाको मृत्युको खबर पाएकोमा आफ्नो सरकारलाई ३० जुलाई १८३९ मा दिएको खबर यस प्रकारको छ–"... waited on me to inform me of the demise at 4 O'clock P.M. of General Bhimsen in consequence of a wound inflicted by himself on his throat in a attempt to commit suicide a few days previously." (केही दिन पहिले आफैले गला रेटेर आत्महत्या गर्न गरेको प्रयासको फलस्वरूप भीमसेन थापाको मृत्यु भयो ... )। भीमसेन थापा माथि लगाइएका आरोपहरु राजदूतले मुन्सीबाट सुनेपछि त्यसबारेमा केही प्रतिक्रिया जनाउन उनले संक्षेपमा भने कि विदेश मामला सम्बन्धी मात्र उनको अधिकार क्षेत्रमा परेकोले, दरबारबाट औपचारिक रुपमा उनलाई खबर गरे पछि मात्र त्यसबारेमा उनले केही व्यक्त गर्न सक्ने हुन्छ ।[२८]

### भीमसेन थापाको आत्महत्या माथि टीका टिप्पणी

तत्कालीन राजनैतिक परिस्थिति बारे विचार गर्दा "भीमसेन थापाले आत्महत्या गरेको" भन्ने बारे शङ्का-उपशङ्का गर्न सकिन्छ । उनले आत्महत्या गर्नु परेको बारे केही अड्कलहरू पनि गरिएका छन् । यस सम्बन्धमा Landon को लेखाइमा- "कुनै जाँचपड्ताल बिना कैदमा राखिएका भीमसेन थापा माथि ज्यादै कडाई र पशुवत् व्यवहार गरिएकाले त्यसबाट आत्महत्या नै गर्ने प्रेरणा उनलाई प्राप्त हुन्छ ।"[२९]

अर्को सूत्र अनुसार भीमसेन थापाको समयमा भारादारहरूलाई कैदी अवस्थामा पनि राष्ट्रिय चिन्ह सम्झेर खुकुरी लिन अनुमति दिइएको हुन्थ्यो । सोही कारण पनि उनले गला रेट्ने अवसर पाएको हुनुपर्छ । त्यस्तै अपराधी करार गरिएका मानिसकी पत्नीलाई बेहुर्मत गरी सैनिकहरूका बीचमा नाङ्गो पारी भंडारा छोडी दिने चलन पनि सोही समयमा चलेकाले उनकी पत्नीलाई पनि भंडारा छोडी दिने कुरा उठेको हुन सक्छ । कारण १८४३ मा माथवरसिंह थापाले पाएको विषमुद्दाको जितापत्रमा "काला पाँडेहरूले लज्जा वेहुर्मतको भय

देखाई जनरल कमाण्डर-इन-चीफ भीमसेन थापाको देह त्याग गराए" भन्ने उल्लेख छ। तर सोही भयको कारणबाट मात्र पनि भीमसेन थापाले आत्महत्या गरेका थिएनन्। रणबहादुर शाहको स्वदेश फिर्ती पछि र उनको हत्याकाण्ड पछि चौतरिया र भारादारहरूप्रति तत्कालीन सरकारले गरेको निर्मम व्यवहारको सम्झना गरी राजा र रानी समेत रणजङ्ग पाँडेको वहकाउमा परिसकेकाले भीमसेन थापाले आत्महत्या गरेको धेरै सम्भावना हुन्छ। दामोदर पाँडेको काण्डमा उनी रणबहादुर शाहका सल्लाहकार भएका र दामोदर पाँडेको खान्गी समेत उनले पाएकाले पाँडेहरू उनका विरोधी हुने नै भए। तर न्याय गर्ने हो भने दामोदर पाँडेलाई मार्ने कार्यमा भीमसेन थापा सिधै जिम्मेदार थिएनन्। रणबहादुर शाह सर्वेसर्वा भएकोमा त्यसमाथि वि.सं. १८६० चैत्र २१ गते दामोदर पाँडेको स्थानमा मूलमन्त्री बन्ने देवान रणजीत पाँडे र उनको निर्णयलाई सदर गर्ने मन्त्री नायक लेखिएका चौतरिया र मूल चौतरियाहरू पनि थिए। ती सबैको नाम नलिइकन केवल भीमसेन थापा माथि मात्र दोष थोपार्नु र उनलाई पाँडेहरूले वापवैरी भन्ने गरेको कुरा उचित होइन।[३०] भीमसेन थापाले बिना कसुर सजाय पाएका थिए भन्ने कुरा ६ वर्षपछि माथवर सिंह थापाको पालामा पाँडेहरूले स्वीकार गरेका थिए।[३१]

### भीमसेन थापाको हाडखोड

भीमसेन थापाको मृत्युपछि उनको टाउको राजदूत हड्सनले र हात तथा वंगारा चौतरिया फत्तेजंग शाहले चोरेर लगेका थिए भन्ने एउटा कथन रहेकोमा राणाकालमा आएर त्यसलाई केही बंग्याएर लेखिएको रूपमा पनि पाउन थालियो। भीमसेन थापाको टाउकोको बारेमा हड्सनको उल्लेख कतै नपाइएकोले र चौतरियासँग भएको बंगारा र हात पनि उनको घरमा खानतलासीको बेला भेट्टाउन नसकिएकाले सो कथन झूठो हो भन्ने आचार्यज्यूको ठोकुवा नै रहेको छ। उहाँका अनुसार राजदूतले चाहेको भए भीमसेन थापाको टाउको राजासँग मागेर पनि लिन सक्थे। पालो पहरा राखेको ठाउँबाट चोर्नलाई उनी अघोरी बाबा थिएनन्। भीमसेन थापाले प्राण त्याग गरेको ठाउँमा माथवरसिंह थापाले ६ वर्षपछि भीममुक्तेश्वर शिवालय बनाई दिए।[३२] हालसम्म उक्त शिवालयले भीमसेन थापाको हृदय विदारक आत्मघात र उनले पाएको अमानुषिक यातनाको सम्झना गराउँदै रहेको छ। यस सम्बन्धमा Landon लेख्दछन्- "उनको अवसान एशियाको इतिहासले प्रस्तुत गरेको सबैभन्दा दुःखद अवसान थियो।[३३]

मृत्युपछि भीमसेन थापाको महत्व झन बढ्न गएको कुरा राजदूत हड्सनले आफ्नो सरकारलाई उनको अवसान पछि लेखेको पत्रबाट स्पष्ट हुन्छ। पहिले भीमसेनका कट्टर दुष्मन बनेका राजदूतले उनको मरणोपरान्त ३० जुलाई १८३९ को पत्रमा यसरी लेखेर कदर गरे– "... He was indeed a man born to exercise dominion over his fellow mortals alike by the means of command and of persecution; nor am I aware of any native statesman of recent times except Ranjit Singh who is, all things considered worthy to be compared with the late General Bhimsen

of Nipaul..." –(योग्यताको हिसाबले उनलाई पंजाव नरेश रणजीत सिंहसँग मात्र तुलनायोग्य भनिएको छ) ।[३४] महारानीहरूको आपसी स्वार्थ, प्रतिस्पर्धा र राजाको अदूरदर्शिता र विवेकहीनताको अग्निमा नेपालका महान राजनीतिज्ञ तथा देशसेवक यसरी होमिए । खासगरी जेठी महारानीको शासनमा हस्तक्षेप गर्ने रहर, महारानीहरूका इच्छामाथि नियन्त्रण गर्न नसक्ने राजाको कम्जोरी, पाँडेहरूको वापवैरी साध्ने पारिवारिक स्वार्थ, नेपाल माथि अंग्रेजहरूको उपनिवेशवादी चलाखी, आदि नै भीमसेन थापाको अवसान हुनुका मुख्य कारणहरू देखिन्छन् ।

**पादटिप्पणी**

१. श्री ५ को सरकार भूमिसुधार तथा व्यवस्था विभाग, कुशविर्ता लगत फाँट, पृ. २१. र अभिलेख संग्रह भाग १२, संशोधन मण्डल, वि.सं. २०२०, पृ. १७ ।

२. धनवज्र वज्राचार्य (सम्पा.) त्रिरत्न सौन्दर्य गाथा, काठमाण्डौं: नेपाल साँस्कृतिक परिषद्, वि.सं. २०१९, पृ. ३०३-५।

३. धर्मराज थापा (सं. र सम्पा.), लामिछाने थापाको वंशावली, मदनराज थापा, कृष्णराज थापा, कास्की पोखरा, वि.सं.२०३९, पृ. ९१ र शम्शेर बहादुर थापा, सुगौली सन्धि के हो?, शशि विक्रम थापा, काठमाडौं: वि.सं. २०४८, पृ. १४६-८ ।

४. चित्तरञ्जन नेपाली, जनरल भीमसेन थापा र तत्कालीन नेपाल, काठमाडौं: रत्नपुस्तक भण्डार, वि.सं. २०२६, पृ. २७५ ।

५. Seeret Consultation, 28 May 1832, No. 52, National Archives of India (NAI).

६. H. Ambrose Oldfield, *Sketches from Nepal* (reprint), Vol. I, Delhi: Cosmo Publications, 1981, P. 307 and Perceval Landon, *Nepal* (reprint), Vol. I New Delhi: Asian Educational Services, 1993, P. 85/

७. M.S. Jain, *The Emergence of a New Aristocracy in Nepal* (reprint), Agra: Sriram Mehra and Co., 1992, P. 7.

८. NAI, पादटिप्पणी नं. ५ र बाबुराम आचार्य, अब यस्तो कहिल्यै नहोस्, काठमाण्डौं: श्री कृष्ण आचार्य, वि.सं. २०५५, पृ. ५९ ।

९. William Wilson Hunter, *Life of Brain Houghton Hodgson* (reprint), new Delhi: Asian Educational Services, 1996, P. 142-43 र आचार्य, पादटिप्पणी नं. ८,
पृ. ५८-९ ।

१०. नेपाली, पादटिप्पणी नं. ४, पृ. ३८-९, आचार्य, पादटिप्पणी नं. ८, पृ. ६० ।

११. भीम बहादुर पाँडे क्षेत्री, राष्ट्र भक्तिको झलक, काठमाण्डौं: रत्न पुस्तक भण्डार, वि.सं. २०४१, १४३-४५, १४९, १५६ र नेपाली, पादटिप्पणी नं. ४, परिशिष्ट नं. ४ (जनरल भीमसेन थापाको आदेश पत्र) ।

१२. आचार्य, पादटिप्पणी, नं. ८, पृ. ६० ।

१३. Secret Consultation, 23 Nov. 1835, No. 25-29, NAI र आचार्य, पादटिप्पणी नं. ८, पृ. ६२-३ ।

१४. पाँडे क्षेत्री, पादटिप्पणी नं. ११, पृ. १५६ र आचार्य, पादटिप्पणी नं. ८, पृ. ६४-५ ।

१५. नेपाली, पादटिप्पणी नं. ४, पृ. ४८-५२ र *Consultation*, 14 Aug 1837, No. 35 and *Foreign Political Progress*, 9 Oct. 1837, No. 45, NAI.

१६. थापा (शम्शेर बहादुर) पादटिप्पणी नं. ३, पृ. १९७-२०१ र Consultation, 14 Aug. 1837, No. 35, NAI.

१७. Political Consultation, 3 Jan. 1838, No. 38, NAI.

१८. थापा (शम्शेर बहादुर), पादटिप्पणी नं. ३, पृ. २०४-६ ।

१९. Consultation, "Party Politics in Nepal", 17 Jan. 1838, NAI.

२०. Foreign Political Progress, 1-14 March, P. 78-79, NAI.

२१. Residency paper, 22 Aug. 1838, No. 18 and Secret Consulation, 29 Aug. 1838, No. 25, NAI.

२२. Fort Willian, 21 Nov. 1838, No. 160, P. 2745.

२३. आचार्य, पादटिप्पणी नं. ८, पृ. ६९ ।

२४. Foreign Department, Secret Progress, 18-26 Dec. 1838, NAI र थापा (शम्शेरबहादुर), पादटिप्पणी नं. ३, पृ. २१०-११ ।

२५. Hunter, पादटिप्पणी नं. ९, पृ. १७४-७६ र थापा पादटिप्पणी नं. ३, पृ. २०८ ।

२६. नेपाली पादटिप्पणी नं. ४, पृ. २८० ।

२७. आचार्य, पादटिप्पणी नं. ८, पृ. ६९-७० ।

२८. Hunter, पादटिप्पणी नं. ९, पृ. १७६ र Secret Consultation, 18 Dec. 1839, No. 82, NAI.

२९. Landon,पादटिप्पणी नं.६, पृ. ९१ ।

३०. बाबुराम आचार्य, "भीमसेन थापाको आत्महत्या र हाडखोड", रूपरेखा, वर्ष २ अङ्क ६, वि.सं. २०१८ भदौ असोज, पृ. ४०-४२ र थापा (शम्शेर बहादुर), पादटिप्पणी नं. ३, पृ. ११३ र १९२ ।

३१. Oldfield पादटिप्पणी नं. ६, पृ. ३३६ ।

३२. आचार्य, पादटिप्पणी नं. ३०, पृ. ४०-४३ ।

३३. Landon, पादटिप्पणी नं. ६, पृ. ९१ ।

३४ Secret Consultation, 18 Dec. 1839, No. 82, NAI.